# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नं २




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नं २

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

प्रदेश नं. २



नेपालका
महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्रसंख्या : २०७५।७६
च.नं.: ८८

विषय: वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. २, जनकपुर, ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं २ को आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

आज्ञाले,
२०७५।१२।२६
सुवर्ण प्रसाद ढकाल
ना.म.ले.प.

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | | |
| **प्रदेश सञ्चित कोष** | | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | | ८ |
| | १. | प्रदेश सभा सचिवालय ........................................................................ | ८ |
| | २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ..................................................... | १० |
| | ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय ...................................................... | १२ |
| | ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय........................................................ | १५ |
| | ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ............................................... | १७ |
| | ६. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ................................................. | १९ |
| | ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय .................................................. | २० |
| | ८. | सामाजिक विकास मन्त्रालय .................................................................... | २२ |
| | ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय ................................................................ | २४ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति.............................................................................** | | २५ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु ..............................................................................................** | | २६ |
| **अनुसूचीहरु :** | १. | लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण.................................................. | २८ |
| | २. | लेखापरीक्षण रकम........................................................................................ | २९ |
| | ३. | बेरुजू वर्गीकरण.......................................................................................... | ३० |
| | ४. | लेखाउत्तदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति.......................... | ३१ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ ।

त्यसैगरी नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ अनुसार महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । यसरी प्रदेश सभामा पेश भएको प्रतिवेदन प्रदेश सभा नियमावलीबमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु । यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निर्क्यौल गर्ने प्रयास गरिएको छ ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायायिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १० निकायको रु. ६९ करोड ४३ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा ७ निकायमा रु. १६ करोड ४६ लाख ९ हजार बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अंकको २३.७१ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबेगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार नगरेको, निकायगत कार्यको प्रवृत्ति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै सम्बन्धित प्रदेश सरकारले संघीय सरकारको अनुदानप्रतिको निर्भरतालाई क्रमशः घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यभित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवदेन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प.सं. : २०७५।७६

मिति : २०७५।१२।२७

च.नं. :

विषय : सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं २ जनकपुर ।

१. **आर्थिक विवरणउपर प्रतिवेदन** : हामीले प्रदेश नं २ सरकारको सञ्चितकोषको २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश सञ्चित कोषको लेखा आवधिक रुपमा राख्ने तथा त्यसको वार्षिक विवरण तयार गर्ने, प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, एकीकृत लेखा राख्ने, वित्तीय विवरण तयार गर्ने आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडारहित सारभूतरुपमा प्रस्तुतीकरण गर्ने, आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने कार्य पर्दछन ।

३. **लेखापरीक्षणको जिम्मेवारी** : हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनअनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आँकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आवश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक र छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तता बारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ ।

४. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** : कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

४.१ महालेखा नियन्त्रक कार्यालयले सञ्चितकोषको आर्थिक विवरण नेपाल सरकारको २०६६।५।३० को स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गर्नुपर्नेमा गरेको छैन । सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.२ करोड ५ लाख ७९ हजार असुल उपर गर्नुपर्ने, रु २ करोड ७८ लाख २५ हजार अनियमित भएको, ९१ लाख ५ हजार प्रमाण कागजात पेश नभएको, रु.१० करोड ७० लाख पेस्की बेरुजू समेत रु.१६ करोड ४६ लाख ९ हजार बेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु. ९३ करोड १० लाख १ हजार समानीकरण अनुदान उपलब्ध भएकोमा लेखापरीक्षणबाट रु. ६४ करोड २८ लाख २२ हजार विभिन्न १० निकायबाट खर्च भएको देखिएको छ । प्रदेश लेखानियन्त्रक कार्यालयबाट प्रस्तुत सञ्चित कोषको हिसाबमा रु.५२ करोड ३३ लाख ५० हजार खर्च भएको देखिएको छ । यसबाट प्रदेश सञ्चित कोष हिसाबमा रु. ११ करोड ९४ लाख ७२ हजार फरक परेको छ । सो को यकिन गर्नुपर्दछ ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षणको राय** : हामीलाई उपलब्ध गराइएको स्रेता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा अनुच्छेद ४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक प्रदेश सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक बर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखाप्रणाली अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
उप महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत १० निकायको २०७४।७५ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालनमा विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायि अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरि लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र पच्छिेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १
# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय | | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १. | सरकारी कार्यालय | १० | **६९४३९५** |
| | **जम्मा** | **१०** | **६९४३९५** |

यो वर्ष प्रदेश मातहत १० निकायको रु.६९ करोड ४३ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरुको विवरण **अनुसूची १** मा उल्लेख छ ।

१. **सरकारी निकाय** – यो वर्ष १० सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

| क.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | |
|---|---|---|---|
| | | २०७४।७५ को रकम | जम्मा |
| १. | विनियोजन निकासा | ६४२८२२ | ६४२८२२ |
| २. | राजस्व असुली | २१४ | २१४ |
| ३. | धरौटी आम्दानी | २६५९ | २६५९ |
| ४. | अन्य | ४८७०० | ४८७०० |
| | **जम्मा** | **६९४३९५** | **६९४३९५** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ ।

२. **लेखापरीक्षण कार्यविधि** – यो वर्ष प्रदेश मातहतका निकायहरुको लेखापरीक्षणमा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ५०५३३७ | २६६०२७ | ४६.७१ |
| पुँजीगत खर्च | ४२५६६४ | २५७३२३ | ६०.४५ |
| **जम्मा** | **९३१००१** | **५२३३५०** | **५२.४५** |

:

४. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा समावेश छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छ:

| चालु खर्च | | | (रु.हजारमा) | पुँजीगत खर्च | | | (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| **क.सं** | **मन्त्रालय** | **रकम** | **कूल चालु खर्चको प्रतिशत** | **क.सं** | **मन्त्रालय** | **रकम** | **कूल पुजिगत खर्चको प्रतिशत** |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ११२११२ | ३०.२५ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ११८२६१ | ४३.४५ |
| २ | प्रदेश सभा सचिवालय | १०६३३६ | २८.६९ | २ | भौतिक पूर्वाधार मन्त्रालय | ९७८८१ | ३५.९५ |
| ३ | सामाजिक विकास मन्त्रालय | ३३७३८ | ९.११ | ३ | प्रदेश सभा सचिवालय | २०४५४ | ७.५२ |
| ४ | आन्तरीक मामिला तथा कानुन मन्त्रालय | ३१२३१ | ८.४३ | ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८०९३ | २.९८ |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २५९७९ | ७.०२ | ५ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ७७८० | २.८५ |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २२७७७ | ६.१४ | ६ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६३८३ | २.३५ |
| ७ | उद्योग, पर्यटन वन तथा वातावरण | २१५४८ | ५.८१ | ७ | सामाजिक विकास मन्त्रालय | ६१८० | २.२७ |
| ८ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४५४० | ३.९२ | ८ | उद्योग, पर्यटन वन तथा वातावरण | ४८५४ | १.७७ |
| ९ | मुख्य न्यायाधिवक्ता कार्यालय | १७०० | ०.४६ | ९ | मुख्य न्यायाधिवक्ता कार्यालय | २१२५ | ०.७८ |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | ६५० | ०.१७ | १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०० | ०.०८ |
| | **जम्मा** | **३७०६११** | **१००** | | | **२७२२११** | **१००** |

५. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु.हजारमा)

| **स्रोत** | **२०७४।७५ को** | | **अनुमानको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|
| | **अनुमान** | **यथार्थ खर्च** | |
| संघीय सरकार अनुदान | – | ५२३३५० | – |
| **जम्मा** | | | |

५.१. यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.५२ करोड ३३ लाख ५० हजार संघीय सरकारको अनुदानबाट व्यहोरेको छ।

६. **राजस्व असुली –** सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समाबेश गरेको छैन।

६.१. प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ। प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ। प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ। प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा २०७४।७५ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गर्ने गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउने गरी उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैर करसम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाईएन।

७. **छलफल र अन्तरक्रिया:** महालेखापरीक्षकको २०७४।७५ को लेखापरीक्षण कार्य तालिका अनुसार तेस्रो चरण ( पौष माघ) को लेखापरीक्षण कार्यक्रम अन्तर्गत २०७५ पौष अन्तिम हप्तामा प्रदेश सरकार लगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा २०७५।१०।१७ मा महालेखापरीक्षकबाट प्रदेश नं २ का प्रदेश प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका सम्पूर्ण निकायको बार्षिक लक्ष्य, आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने तर्फ भएको प्रयासका सन्दर्भमा छलफल भएको थियो ।

प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमार्फत सार्वजनिक सेवा प्रवाहको सुधार सम्बन्धमा सुझाव प्रस्तुत गर्नु भएको थियो भने, मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

सोही दिन जिल्ला समन्वय समितिका प्रमुख तथा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा धनुषा जिल्ला स्थित सबै स्थानीय तह सरकारी निकायका कार्यालय प्रमुख र लेखा प्रमुखको अन्तर्क्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तनपश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादनस्थिति र बेरुजू फछ्र्यौट सम्बन्धमा महालेखापरीक्षकबाट प्रष्ट पार्नुको साथै स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा विशेष ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २
# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश नं २ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय अन्तर्गत यो वर्ष उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु.१६ करोड ४६ लाख ९ हजार रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजू | १६४६०९ |
| | **जम्मा** | १६४६०९ |

२. **बेरुजू वर्गीकरण** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | | सरकारी कार्यालय | कुल वेरुजूको प्रतिशत |
|---|---|---|---|
| | **जम्मा बेरुजू** | **१६४६०९** | **१००** |
| **१.** | **असुल गर्नुपर्ने** | **२०५७९** | **१२.५०** |
| **२.** | **नियमित गर्नुपर्ने** | **३६९३०** | **२२.४४** |
| • | अनियमित भएको | २७८२५ | - |
| • | प्रमाण कागजात पेस नभएको | ९१०५ | - |
| • | जिम्मेवारी नसारेको | - | - |
| • | शोधभर्ना नलिएको | - | - |
| **३.** | **पेस्की** | **१०७१००** | **६५.०६** |
| • | कर्मचारी पेस्की | १०० | - |
| • | मोबिलाइजेसन पेस्की | - | - |
| • | प्रतीतपत्र पेस्की | - | - |
| • | संस्थागत पेस्की | १०७००० | - |

बेरुजू वर्गीकरणको विवरण अनुसूची– ३ मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको र दफा ३५(४) मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची ४ मा समावेश गरिएको छ ।

२.२ सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | २७९५५० | २७७ | २१८५३ | १०७००० | १२९१३० | ७८.४५ | **४६.१९** |
| २. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३७८०१ | २०२१२ | ३८३ | ० | २०५९५ | १२.५१ | **५४.४८** |
| ३. | सामाजिक विकास मन्त्रालय | ४०३१६ | ० | १३३०० | ० | १३३०० | ८.०८ | **३२.९९** |
| | **जम्मा** | **३५७६६७** | | | | **१६३०२५** | | |

२.३ यो वर्ष प्रदेश मातहतका १० कार्यालयको लेखापरीक्षण गरेकोमा ४ कार्यालय (४० प्रतिशत) मा लगती बेरुजू देखिएको छैन ।

२.४ यो वर्ष प्रदेश मातहतका १० कार्यालयको १५७ दफा बेरुजू देखिएकोमा १४१ दफा सैद्धान्तिक र १६ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | **६९४३९५** | **१६४६०९** | २३.७१ | ५७६०९ | ८.३० |

प्रदेश कार्यालयको निकायगत लेखापरीक्षण अङ्क  बेरुजू र लेखा उत्तरदायी अधिकृतको विवरण अनुसूची ४ मा समावेश छ ।

३. **बेरुजू न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी सुरु देखिनै बेरुजु न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माण :** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार लेखापरीक्षण अवधिसम्म पहिचान गरिएका कानुनमध्ये १६ कानुन पारित भएका छन । आवश्यक कानुनको पहिचान गरी समयममै कानुन निर्माण गर्नुपर्दछ ।

५. **संगठन र कर्मचारी व्यवस्थापन :** संघीय व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले कार्य गर्ने स्पष्ट मार्गचित्र तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज गरिएका कार्यालय समेत प्रदेशस्तरमा स्थापना हुने गरेको देखिन्छ । प्रदेश नं २ अर्न्तगत १ संवैधानिक निकाय ७ मन्त्रालय र तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य १ कार्यालय एवं मातहतका ५६ सहित ६६ कार्यालयमा ३१५८ दरबन्दी स्वीकृत गरिएकोमा १८१२ को समायोजन भएको छ ।

६. **बजेट कार्यान्वयन** - प्रदेश अर्थमन्त्रीले अगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको अनुमान २०७५ वैशाख १२ गते प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७४।७५ वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

६.१ सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण तथा सशर्त अनुदान मात्र रहेको छ । जस अनुसार संघीय सरकारबाट प्राप्त भएको अनुदान रु ९३ करोड १० लाख १ हजार मध्ये रु.६४ करोड २८ लाख २२ हजार (६९.०५ प्रतिशत) खर्च भएको छ । बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको कारण प्रस्तावित बजेट मध्ये रु. २८ करोड ८१ लाख ७९ हजार (३०.९५ प्रतिशत) खर्च भएको देखिएन ।

६.२ प्रदेश मन्त्रालय लगायतमा विनियोजित कुल रु. ९३ करोड १० लाख १ हजार मध्ये रु.६४ करोड २८ लाख २२ हजार अर्थात ६९.०५ प्रतिशत मात्र बजेट खर्च भएको छ । मन्त्रालयगत खर्च अनुसार औसत सञ्चालन खर्च ५७.६५ प्रतिशत र कार्यक्रम खर्च ४२.३५ प्रतिशत भएको छ ।

६.३ बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि आर्थिक वर्ष २०७४।७५ को आय व्यय अनुमानमा उल्लेख भएबमोजिम सेवाग्राही सन्तुष्टि सर्वेक्षण, आकस्मिक र युवा लक्षित कोषको स्थापना, विपद् व्यवस्थापन कार्यविधि निर्माण, खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति प्रदेशभित्रको समष्टिगत गुरुयोजना तर्जुमा, प्रदेश स्तरीय विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीतिको तर्जुमा भएको देखिएन । बजेटमा समाबेश नीति तथा कार्यक्रम कार्यान्वयनको हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नु पर्दछ ।

६.४ **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारअन्तर्गत रहेका कृषि, वन, सिचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा मर्ज भएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन । कानुनले तोके अनुसार मातहत कार्यलयको सम्पत्ति तथा  सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

७. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढीलागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका १० निकायले, रु ४ करोड ३९ लाख १३ हजारको सोझै खरिद गरेका छन् । नियमानुसार खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण** : आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि  ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरुले सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । सो ऐन २०७४।१२।१४ मा जारी भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि मन्त्रालयमा आन्तरिक नियन्त्रण प्रणाली लागू नभएको र दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्नेमा उक्त समितिसमेत गठन भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रावहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि १६ कानुन पारित भएको, प्रदेश अन्तर्गतका १० निकायमा स्वीकृत दरबन्दी मध्ये १३४६ पद रिक्त रहको, लेखापरीक्षण अवधि २०७५ पौष सम्म केन्द्रीय निकाय अन्तर्गतका कार्यालयहरु स्थापना भई सञ्चालनमा आउन बाँकी रहेको, विभिन्न मन्त्रालयको लागि निर्धारण

गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेकोलगायतको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमतावृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१०. **वित्तीय जवाफदेहिता -** सार्वजनिक निकायले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नुपर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा प्रदेश तहका निकायहरुको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा थप सुधार गर्दैजानुपर्ने देखिएको छ ।

# परिच्छेद-३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १६४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं २ प्रदेश सभाको कार्य सञ्चालन गर्न, वैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्न एवं प्रभावकारी बनाउन प्रदेश सभाले प्रदेश सभा नियमावली, २०७४ मिति २०७५।२।३ मा प्रमाणिकरण भै पहिलो संशोधनबाट कार्यान्वयनमा आएकोमा सोही नियमावली अन्तर्गत २०७४।१०।७ मा प्रदेश सभाका सदस्यले शपथग्रहण गरी २०७४।१०।७ गते पहिलो अधिवेशन सञ्चालनमा आएको छ ।

यो वर्ष विनियोजन रु.१२ करोड ६७ लाख ९० हजार, राजस्व रु.२ हजार, धरौटी रु.२ लाख २४ हजार समेत रु.१२ करोड ७० लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति -** सचिवालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्दछ । सचिवालयको स्वीकृत दरबन्दी ३६ मध्ये २१ पदपूर्ति भएको छ । दरबन्दीबमोजिम पदपूर्ति हुनुपर्दछ ।

२. **सोझै खरिद -** सचिवलायको लागि रु.५ करोड ३० लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु.२ करोड ४ लाख ५४ हजार खर्च भएको छ । खर्चमध्ये फर्निचर रु.६० लाख ५२ हजार, र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन लगायतको रु.७८ लाख ६ हजारको खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनु पर्दछ ।

३. **पदाधिकारी तथा सुविधा -** यो वर्ष प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेश, २०७५ बमोजिम मासिक सुविधा भुक्तानी गरेको देखिन्छ ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता/ उपसभामुख,सत्ता पक्षको सचेतक | सत्तापक्ष, तथा विपक्षी दलका प्रमुख सचेतक र सभापति | दलका प्रमुख सचेतक र सचेकत | सदस्य |
|---|---|---|---|---|---|---|
| पारिश्रमिक | प्रतिमहिना | ५९००० | ५७७८० | ५६४९० | ५३००० | ५२६०० |
| बैठक भत्ता | प्रति दिन | १००० | १००० | १००० | १००० | १००० |
| आवास सुविधा | प्रतिमहिना | आवास सुविधा | २०००० | १८००० | १६००० | १५००० |
| फर्निचर | एकमुष्ट | | ८०००० | ७०००० | ६०००० | ५०००० |
| सवारी इन्धन | मासिक /लिटर | २७५ | २५० | २२५ | २०० | ० |
| मोविल | त्रैमासिक /लिटर | १० | १० | १० | १० | ० |
| धारा बिजुली | प्रतिमहिना | विल अनुसार | २५०० | २००० | २००० | २००० |
| सञ्चार सुविधा | प्रतिमहिना | ३५०० | ३४०० | ३३०० | ३२०० | ३००० |
| दैनिक भत्ता | प्रति दिन (स्वदेश) | ३००० | २५०० | २५०० | २५०० | २५०० |
| दैनिक भत्ता | प्रति दिन (विदेश) | २२५ | २२५ | २२५ | २२५ | २०० |
| यातायात खर्च | पटक | | | ५०० | ५०० | ५०० |

४. **आवास सुविधा/घरभाडा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम यो वर्ष सभामुख र उपसभामुख, प्रदेश सभा सदस्यको पारिश्रमिक तथा इन्धनमा क्रमशः रु. १ करोड ३२ लाख २६ हजार र रु.७० लाख २१ हजार तथा पारिश्रमिक भुक्तानी भएको देखिन्छ । उपरोक्त अनुसार घरभाडा भुक्तानी गर्दा प्रदेश सदरमुकाममा घर हुने र नहुनेलाई समान रुपले तोकेको घरभाडा उपलब्ध गराएको पाइयो । प्रदेश राजधानीमा घर हुने र नहुनेलाई समान रुपले घरभाडा उपलब्ध गराएको उपयुक्त देखिएन । पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेशमा यस सम्बन्धमा स्पष्ट उल्लेख नभएको कारण सबैलाई तोकेबमोजिमको घरभाडा प्रदान गरेको व्यहोरा छलफलको क्रममा जानकारी हुन आएको छ ।

५. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न

वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

६. **बेरुजु फछ्र्योट -** प्रदेश नं २ को आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३५ देखि ४० सम्म बेरुजु फछयौट सम्बन्धी व्यवस्था रहेको तर प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ अन्तर्गत गठित विषयगत समितिमध्ये सार्वजनिक लेखा समितिको कार्य क्षेत्रमा महालेखा परीक्षकको प्रतिवेदन उल्लेख नभएकोले बेरुजू छलफल तथा फछयौट सम्बन्धी व्यवस्था नेपालको संविधान, आर्थिक कार्यविधि ऐन र प्रदेश सभा नियमावलीमा बेरुजू छलफलसम्बन्धी व्यहोरामा  सामन्जस्यता हुने गरी कानुनको तर्जुमा गर्नुपर्दछ ।

७. **समिति गठन र कार्यक्षेत्र** : प्रदेश सभा (कार्य सञ्चालन) नियमावली, २०७४ अनुसार प्रदेश सभाअर्न्तगत ७ विषयगत समितिहरु रहने  तथा विषयगत समितिका अलवा प्रदेश सभा सञ्चालनको लागि सचिवालय व्यवस्थापन तथा सञ्चालन समिति रहने व्यस्था छ । सो अनुसार विषयगत समितिको गठन भएको छैन । नियमावलीमा व्यवस्था भए अनुरुप विषयगत समितिको गठन तथा सञ्चालन हुनुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालयको रु.१ लाख लगती बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकती तथा प्रमारिकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले वि.स. २०७४।१०।१६ गते यस कार्यालयको स्थापना भएको हो । नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषदले प्रदेश सरकारको कार्य विभजानका लागि प्रदेश सरकार प्रदेश नं २ (कार्य विभाजन) नियमावली २०७४ को अनुसूची २ को सि.नं. २ अन्तर्गतको परिधि भित्र रही कार्य गर्दछ । प्रदेश नं २ अन्तर्गत ८ जिल्ला, १ महानगरपालिका, ३ उप महानगरपालिका ७३ नगरपालिका र ५९ गाउंपालिका रहेका छन् । नेपालको संविधान, २०७२ को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध सहकारिता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ ।

यो वर्ष विनियोजन रु.२३ करोड ३ लाख ७३ हजार, राजस्व रु. ३१ हजार, धरौटी रु ४ लाख ९६ हजार र विविध रु ४ करोड ८६ लाख ५० हजार समेत २७ करोड, ९५ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **नीति कार्यान्वयन :** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकेको छ । आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रमकार्यान्वयनको अवस्था सम्बन्धमा मूल्यांकन भएको नदेखिएकोले सोको मूल्यांकन गर्नु पर्दछ ।

२. **संगठन तथा व्यवस्थापन :** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विभिन्न मितिमा सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधिसम्म पनि स्वीकृत भएको छैन । संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३. **सेवाग्राही सन्तुष्टि सर्भेक्षण :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भए अनुसार कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुनबमोजिम र हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेटसमेत पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयहरुले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजिगततर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न नसकिएकोले तोकिएको ढाँचामा प्रगति विवरण तयार गरिनुपर्दछ ।

५. **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा :** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा यो वर्ष मुख्य मन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा इन्धनमा क्रमशः रु.१६ लाख २९ हजार र रु. ३ लाख ६५ हजार खर्च भएको छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायकमन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक | ६०९७० | ५७७८० | ५६४९० | ५३००० |
| आवास सुविधा | मासिक | ० | ० | १८००० | १६००० |
| फर्निचर | एकमुष्ट | ० | १००००० | १००००० | १००००० |
| सवारी | वटा | २ | १ | ० | ० |
| सवारी इन्धन | मासिक/ लिटर | ३०० | २५० | २२५ | २०० |
| मोविल | त्रैमासिक/ लिटर | १० | १० | १० | १० |
| सँचार सुविधा | प्रतिमहिना | ३५०० | ३४०० | ३३०० | ३२०० |
| धारा बिजुली | प्रतिमहिना | विल अनुसार | विल अनुसार | २५०० | २५०० |
| दैनिक भत्ता(स्वदेश) | प्रतिदिन | ३००० | २५०० | २५०० | २५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| दैनिक भत्ता (विदेश) | प्रतिदिन (अ.ड.) | २२५ | २२५ | २२५ | २२५ |
| अतिथि सत्कार | प्रति महिना | २०००० | १५००० | १०००० | १०००० |

१. **पारिश्रमिक कर -**आयकर ऐन, २०५८ को दफा ८७ अनुसार प्राकृतिक व्यक्तिले वार्षिक पारिश्रमिक तथा अन्य सुविधा समेतको गणनाबाट रु ४ लाखसम्मको आयमा कर छुट हुने, सो माथिको आयमा रु १ लाख सम्म १५ प्रतिशत, सोभन्दा बढीमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ। कार्यालयबाट भुक्तानी भएको मुख्य मन्त्री, मन्त्री र राज्यमन्त्रीलाई प्रदेश सभा सचिवालय तथा यस कार्यालयबाट पारिश्रमिक तथा अन्य सुविधा भुक्तानी हुदा नियमानुसार लाग्ने करमा रु २ लाख ७६ हजार घटी कर असुल भएकोले नपुग कर असुल हुनपर्दछ ।

२. **सोझै खरिद -** कार्यालयको लागि रु.११ करोड ८२ लाख ६१ हजार पूँजीगत बजेट खर्च भएको छ। खर्चमध्ये फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, लगायतको मेशिनरी औजार रु ८७ लाख ४ हजारको सोझै खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ।

३. **समारोह खर्च -** जनकपुरधाममा २०७५।१।२८ मा आयोजना गरिएको समारोहमा रु ३ करोड २ लाख ४४ हजार खर्च भएको छ। उक्त खर्च मध्ये प्रतिस्पर्धा बेगरको पाल पण्डाल निर्माण खर्च रु.१ करोड ३४ लाख ४९ हजार र जनपरिचालन खर्च रु. ८४ लाख ४ हजार मितव्ययी र औचित्यपुर्ण देखिएन।

४. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ। निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन। कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ।

५. **निर्वाचन कार्यक्रम -** निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम प्रदेश सभा सदस्यको तर्फबाट सञ्चालन हुने निर्वाचन क्षेत्र विकास कार्यक्रम यकिन गरी कार्यान्वयनका लागि प्रति सदस्य १० लाखका दरमा जिल्ला प्राविधिक कार्यालयमा पठाउनु पर्ने व्यवस्था अनुसार २०७५ आषाढ २४ गते रु. १० करोड ७० लाख पठाएको देखियो। उक्त कार्यक्रमको निकासा हुँदा कार्यक्रम कार्यान्वयन निर्देशिका अनुरुप योजना माग फारम, कार्यान्वयन समय, योजनाको लागत अनुमान स्वीकृति र लाभान्वित समुहको विवरणसमेत तयार गरेको देखिएन। जिल्ला प्राविधिक कार्यालयहरुले योजना कार्यान्वयन गरी पेस्की फरफारक हुनुपर्दछ।

- **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ। प्रदेश सरकार सञ्चालन गर्न पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, निर्माणको कार्य बाँकी रहेको छ। संस्थागत प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ।

- **बेरुजू स्थिति –** कार्यालयको रु.१२ करोड ९१ लाख ३० हजार लगती बेरुजू देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालय समेतको विनियोजन रु.२ करोड ३४ लाख ८३ हजार, राजस्व रु.११ हजार र धरौटी रु.३ लाख २७ हजार समेत रु.२ करोड ३८ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका  व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन** प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण तथा शसर्त अनुदान मात्र रहेको छ ।

२. वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित सार्वजनिक खर्चका सम्बन्धमा ऐन, कानुन , कार्यविधि र मापदण्ड तर्जुमालाई तदारुकताका साथ लगिने, वित्तीय अनुशासनको पालना, मुख्यमन्त्री राहत तथा पुनर्स्थापन कोष खडा गर्ने,सार्वजनिक निकायबाट भएका खर्चको सार्वजनिकीकरण गर्ने, भ्रष्टाचार सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्नेलगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तोकिए बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनुपर्दछ ।

३. **प्रदेश आर्थिक कार्य प्रणाली -** कानुनबमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने एवं संघीय कानुनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने व्यवस्था छैन । गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नभएसम्मको लागि एक प्रदेश सरकारी कोषमा आम्दानी बाँध्ने व्यवस्था छ । यस्तो कोषलाई प्रदेश सञ्चित कोष भनिने र उक्त कोषबाट हुने व्यय र कोष माथि व्ययभारको लागि प्रदेश सभाको अधिकारसमेत सुनिश्चित रहेको छ । प्रदेशको राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पेस्की खर्च, उधारो खर्च, प्रदेश आकस्मिक कोष र आर्थिक कार्यविधि सम्बन्धी ऐन सम्बन्धी कार्यविधि आर्थिक कार्यप्रणालीमा व्यवस्था गरेको छ ।

४. **लेखा नीति र टिप्पणी -** प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगतस्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्नेगरी वित्तीय विवरणको तयारी गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनमा उल्लेख छ । शीर्षकको ऐनमा उल्लिखित प्रावधान अनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी उल्लेख भएको देखिएन ।

५. **प्रतिवद्धता लेखा -** कानुनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिद्धता जनाएको रकमको व्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । यो वर्ष यस्तो स्थिति नदेखिएको भए तापनि यस व्यवस्थालाई भविष्यमा अवलम्वन गर्नुपर्दछ ।

६. **वित्तीय सुशासन -** प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ । बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु पर्ने अवस्था छ । समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने प्रक्रियालाई अगाडि बढाउनु पर्ने आवश्यकता देखिन्छ । समयमा ठेक्का बन्दोबस्त, चालु खर्चको मात्रात्मक वृद्धिलाई कमी ल्याउन आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्न, बेरुजूको मात्रा घटाई बेरुजू नै हुन नदिने जस्ता व्यवस्थापकीय पक्षमा प्रदेश सरकार समक्ष चुनौति रहेका छन् । यी चुनौति पूरा गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, प्रदेश

मन्त्रालयगत बजेट सूचना प्रणालीको संस्थागत विकास, लागत लाभको विश्लेषणसहितको योजना तथा कार्यक्रम, बहुवर्षीय ठेक्का व्यवस्थापन प्रक्रिया, सार्वजनिक सेवा लेखामानको प्रयोग, शुत्रको प्रयोग, स्तरीयवित्तीय प्रतिवेदन प्रणालीमा सुधार गरी प्रदेशको वित्तीय व्यवस्थापनमा जवाफदेहिताको स्थितिको सुधारमा ध्यान दिनुपर्ने देखिन्छ।

७. **सम्पत्तिको एकीकृत विवरण** : प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्यलगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ।

८. **कर र गैर कर :** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने उल्लेख भएकोमा २०७४।७५ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउने उल्लेख छ । कर तथा गैर कर सम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाईएन।

९. **कार्य जिम्मवारी -** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएकोमध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमनलगायतका कार्य बाँकी रहेको देखिन्छ । छलफलको क्रममा मन्त्रालयले सुरुवाती चरण, कर्मचारी अभाव, राजधानीको विषय टुंगो नलागेकोलगायतको कारण उल्लिखित कार्यक्रम कार्यन्वयन गर्न नसकेको जनाएको छ।

१०. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ४८ मध्ये २४ पदपूर्ति भएको छ । मन्त्रालय मातहत रहने कार्यालय तथा दरबन्दी यकिन गरी पदपूर्ति अद्यावधिक गर्नुपर्दछ।

११. **सोभ्कै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र नियम ९ बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम यकिन गरेर मात्र खरिद गर्नुपर्नेमा रु.६३ लाख ७४ हजारको कार्य सोभ्कै खरिद गरेको छ । नियमअनुसार खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ।

१२. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ।

१३. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ।

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

१४. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक

लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।

१५. **दरबन्दी र पदपूर्ति -** कार्यालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कार्यालयको दरबन्दी विवरण स्वीकृत भई नसकेको र प्रदेश लेखाको कार्य कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सञ्चालन भएबाट प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापनाको उद्देश्य अनुसार कार्य सञ्चालन हुन सकेको छैन ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ७६ लाख १४ हजार, राजस्व रु.७ हजार र धरौटी रु.१ लाख ८० हजारसमेत रु.३ करोड ७८ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **ऐन कानुन तर्जुमा :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अन्तर्गत मन्त्रालयले प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानुनहरुको प्राथमिकताको आधार तयार गरी प्रदेश सभामा पेश गर्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न मन्त्रालयको लागि निर्माण गरेका २६ कानुन पारितको लागि पेश गरेको देखिन्छ । मन्त्रालयले प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानुनहरुको प्राथमिकताका निर्धारण गरेको छैन । २०७५ मंसिरसम्म विभिन्न २६ कानुन निर्माण भई प्रदेश संसदमा पेश भएकोमा १६ पारित भएको र १० पारित हुन बाँकी रहेको देखिन्छ । सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन पहिचान गरिएका कानुनहरु समयमै निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

१. **नीति कार्यान्वयन -**मन्त्रालयले प्रदेश सुरक्षा नीति, उपाधि सम्मान र विभूषण नीति, विपद् व्यवस्थापन नीति सडक सुरक्षा नीति, तर्जुमा गर्ने तथा सो को कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन तथा कार्यविधि तर्जुमा लगायतका कार्यहरु सम्पादन भएको देखिएन । मन्त्रालयको कार्यक्षेत्र भित्रका नीति तर्जुमा तथा सोको कार्यान्वयनका लागि आवश्यक वातावरण सिर्जना गर्नेतर्फ मन्त्रालयको पहल हुनुपर्दछ ।

२. **विपद् व्यवस्थापन कार्यविधि :** प्रदेश विपद् व्यवस्थापनसम्बन्धी ऐन तथा सो अनुरुपको कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने गरी चालु वर्ष प्रदेश विपद् व्यवस्थापन कोष स्थापनाको लागि रु. २ कारेड बजेट व्यवस्था भएकोमा मन्त्रालयले २०७५।३।२५ मा उक्त रकम उद्धार तथा पुनस्थापना खर्च शीर्षकमा खर्च देखाई कार्यसञ्चालन कोषमा ट्रान्सफर गरेको छ । यसरी विविध खातामा ट्रान्सफर गरेको रु २ करोड सञ्चित कोषमा दाखिला हुनु पर्दछ । साथै विपद् व्यवस्थापनसम्बन्धी कार्यविधि तयार नभएकोले कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१. **शीर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)क अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको लागि निकासा दिन सकिनेमा रु.३ लाख ८३ हजार असम्बन्धित शीर्षकबाट खर्च लेखेको छ । खर्चको स्वीकृति दिदा नियमावलीको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२. **दोहोरो सुविधा -** मन्त्रीको तोक आदेशमा निजी आवासको प्रयोजनार्थ फर्निचर, तन्ना, तकिया, डसना, पटके गाडी मर्मत, मसलन्द, विविधलगायतका खर्चहरु मन्त्रीका स्वकीय सचिवलाई सोधभर्ना खर्च लेखेको छ । यस्ता खर्चहरु मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयबाट हुने व्यवस्था रहेकोमा मन्त्रालयबाटसमेत खर्च लेखेकोले दोहोरो सुविधा भुक्तानी भएको रु २ लाख १२ हजार असुल हुनु पर्दछ ।

२. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने रु.३४ लाख ५८ हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

३. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दीबमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवाग्राही सन्तुष्टि तथा सेवा

प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३. **प्रशासन र शान्ति सुरक्षा -** प्रदेशमा प्रदेश सरकारले आवश्यकतानुसार प्रदेश प्रहरी, प्रशासन एवं प्रदेशको अमनचयन तथा शान्ति सुरक्षाको लागि संगठनात्मक व्यवस्था गर्न सक्ने प्रावधान बमोजिम प्रदेश प्रहरी ऐन २०७५ प्रदेश संसदबाट पारित भएको छ । सो अनुरुप प्रहरी, प्रशासन र शान्ति सुरक्षा सम्बन्धी कार्य हुन नसकेको अवस्था छ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको रु.२ करोड ५ लाख ९५ हजार लगती बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ६४ लाख ३ हजार, राजस्व रु.८ हजार र धरौटी रु.१ लाख ८४ हजार समेत रु.२ करोड ६५ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **वन, जल र वातावरण** -प्रदेशको दिगो विकासमा वन क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता (काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावार) को आपूर्ति कृषि, पशुपालन, पर्यटन र सिंचाइमासमेत वन क्षेत्रको भूमिका उल्लेखनीय रहेको छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडानी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दिगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्नु प्रदेश सरकार समक्ष चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२. **खानी अन्वेषण र व्यवस्थापन –** श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापनको लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्नु प्रदेश सरकारको अधिकार तथा दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी अगाडि बढाउनु पर्ने आवश्यकता प्रदेश सरकारको जिम्मामा समेत रहेको छ । प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य प्रारम्भ हुन बाँकी देखिन्छ ।

३. **बजेट कार्यान्वयन –** वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित पर्यटन, सस्कृति, धार्मिक रीतिरिवाज, मठ मन्दिर संरक्षण लागि आवश्यक नीति तर्जुमा गर्ने, प्रदेशको ऐतिहासिकताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक जागरणका नीति तथा कार्यक्रम तर्जुमा गर्ने उल्लेख भएकोमा नीतिहरु बनिसकेको देखिएन । वार्षिक नीति तथा कार्यक्रममा तोकिए बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनुपर्दछ ।

४. **कार्यक्रम कार्यान्वयन –** बजेट वक्तव्यमा प्रदेशको ऐतिहासिकताको संरक्षण र प्रवर्द्धनअन्तर्गत प्रदेशभित्र रहेका धार्मिक तथा सास्कृतिक मठ मन्दिर मदरसा गुम्बा तथा पुरातात्विक महत्वका स्थलहरुको पहिचान गर्ने उल्लेख भएकोमा उक्त नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा आएको देखिएन । प्रदेश अन्तर्गतका विभिन्न मठ, मन्दिर, ताल तलैया धार्मिक महत्वका पोखरीहरुको सरसफाई र प्रचार प्रसार गर्ने, हरेक समुदायका भाषा, सस्कृति, कला, रहनसहन, चाडपर्वलगायतका परम्परागत मान्यतालाई संरक्षण गर्ने, शहीदहरुको त्याग र वलिदान प्रति सम्मान स्वरुप मधेशी शहिद प्रतिष्ठान कोष स्थापना गर्नेलगायतका कार्यहरु उल्लेख भएकोमा बजेटमा उल्लेखित कार्यक्रम कार्यान्वयन भएको पाईएन । स्वीकृत कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

५. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.२७ लाख ५ हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

६. **सर्भे खर्च –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा वीस लाख रुपैंयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखितरुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मूल्यांकन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ७ वटा सर्भे कार्यको तयारीका लागि मन्त्रालयको जनशक्ति अपर्याप्त

भएको यकिन नगरी बाह्य परामर्शदाता नियुक्ति गरी रु.२८ लाख ९४ हजार खर्च गरेको छ । एउटै प्रकृतिको कामलाई टुक्रा टुक्रा गरी सोझै परामर्शदाता नियुक्त गरेको देखियो । परामर्शदाताले तयार गरेकोसर्वे डिजाइन र लागत अनुमानको अन्तिम प्रतिवेदन मन्त्रालयमा दाखिला गरी जिन्सी खातामा आम्दानी नबाधेको, तोकिएको कार्य शर्त अनुसारको गुणस्तर भए नभएको सम्बन्धमा परीक्षण तथा मूल्यांकगरी रायसूझाव समवेश गरी अन्तिम प्रतिवेदन तयार नभएको , प्रतिवेदनहरु उपयोग तथा कार्यान्वयनमा समेत ल्याएको नदेखिएकाले सर्भे कार्यमा भएको खर्च औचित्यपूर्ण एवं नियमसम्मत देखिएन ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयलयकोरु ६ लाख ५२ हजार लगती बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देयले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ३७ लाख ५९ हजार, र धरौटी रु.८५ हजारसमेत रु.३ करोड ३८ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन –** कृषि उत्पादन, पशु विकास, खाद्य पोषण, चरन तथा खर्क, भूमि व्यवस्थापन, सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र सोको कार्यान्वयनलगायतका कार्यहरु मन्त्रालयले कार्यान्वयन गरेको पाइएन । अतः तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन** : बजेट वक्तव्यमा किसानको हित सरकारको जित अन्तर्गत कृषि उत्पादकत्व वृद्धिका लागि व्यवसायीकरण गर्न कृषि उपज भण्डार केन्द्र, चिस्यान केन्द्र, शीत भण्डार निर्माण, माछापालनका लागि सम्भाव्यता अध्ययन, दुधजन्य उत्पादन वृद्धि, कुखुरा पालनमा बायोसेक्युरिटी व्यवस्थापन, कृषि यन्त्र औजारमा अनुदान कार्यक्रमहरु कार्यान्वयनमा आएको देखिएन । तोकिए बमोजिम नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.३९ लाख १० हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ ।

४. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. १२ करोड ६ लाख ५८ हजार, राजस्व रु.१ लाख ४७ हजार र धरौटी रु.८ लाख २३ हजार समेत रु.१२ करोड १६ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति –** प्रादेशिक यातायात व्यवस्था नीति, विपद् व्यवस्थापन नीति सडक सुरक्षा नीति, प्रादेशिक जलस्रोत, विद्युत, सहरी विकास तथा आवास , पुनर्वास तथा पुनरर्स्थापना नीति तर्जुमा गर्ने तथा सोको कार्यान्वयन गर्न आवश्यक सडक ऐन, विद्युत ऐन, सडक सुरक्षा ऐन, जलस्रोत ऐन लगायतका कानुन तथा कार्यविधि तर्जुमा लगायतका कार्यक्रम कार्यन्वयन हुन सकेको देखिएन ।

२. **परामर्श सेवा –** प्रदेशभित्रका सबै नगरपालिकालाई व्यवस्थित र आधुनिक शहरका रुपमा विकास गर्न प्रदेश आसपासका २ वा ३ जिल्ला जोड्ने सडक निर्माण, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापनलगायतका क्षेत्रगत विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि रु.२० लाख बजेट व्यवस्था भई कार्यक्रम स्वीकृत भएकोमा सडक , पूर्वाधारतर्फका २९ परामर्शदातासंग सम्झौता गरी रु.१९ लाख ८९ हजार खर्च गरेको छ । सडक, पुललगायतका पूर्वाधारका प्रारम्भिक वातावरणीय सर्भे, विस्तृत सर्भेलगायतका परामर्शदाताले दिएका प्रतिवेदन सरकारी सम्पति भएकाले उक्त अन्तिम प्रतिवेदन प्राप्त भएपछि सो आधारमा सम्झौता अनुसार भुक्तानी गर्नु पर्नेमा प्रतिवेदन बेगर रकम भुक्तानी भएको छ । मन्त्रालयमा जिन्सी आम्दानी अद्यावधिक गरेर मात्र परामर्श शुल्क भुक्तानी हुनु पर्दछ ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.३२ लाख ६९ हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ ।

४. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा कुनै वस्तु वा सेवा आपूर्ति गर्दा सिलसिलेवार नम्बरसहितको बीजक दिनुपर्ने व्यवस्था छ । विभिन्न ४ निर्माण व्यवसायीहरुले कर बीजक जारी गर्दा कर बीजक नम्बर प्रिन्टेड नगरेको हस्तलिखित जारी गरेको आधारमा मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको छ । रीतपूर्वकको बीजक जारी नगरी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. ८ लाख ५ हजार कर समायोजन वा असुल हुनुपर्दछ ।

५. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

६. **भौतिक पूर्वाधार निर्माण :** दुई जिल्ला जोडने सडकको मर्मत स्तरोन्नतीलगायतका कार्यक्रम सञ्चालन गर्न यस वर्ष रु ४ करोड ८० लाख बजेट विनियोजन भई ८ जिल्लाका सडक ढलान, ग्रामीण सडक चौडीकरण,सडक ग्राभेल कार्य गरी रु ४ करोड ६३ लाख २९ हजार खर्च गरेको छ । राजमार्गहरुको

मर्मत, व्यवस्थापन, निर्माणको जिम्मेवारी संघमा रहेको, स्थानीय स्तरका सडकको कार्य स्थानीय तहलाई जिम्मेवारी दिएको, ग्रामीण सडकहरु जिल्ला प्राविधिक कार्यालयबाट फिडर रोड प्राविधिक कार्यक्रम अन्तर्गत मर्मत स्तरोन्नतीलगायतका कार्यहरु हुदै आएको छ । यी बाहेकका २ जिल्ला जोड्ने सडकको निर्माण कार्यको जिम्मेवारी प्रदेश सरकारको भएको हुँदा प्रदेश मन्त्रालयबाट प्रदेश भित्रका २ वा २ भन्दा बढी जिल्ला संग सम्बन्धित योजनाको नीतिगत व्यवस्था, अनुगमन, मूल्याङ्कन हुनु पर्नेमा सडक ढलान, चौडीकरण मर्मत जस्ता कार्यक्रम कार्यान्वयनमा अबण्डा बजेट राखी सचिवस्तरीय निर्णयबाट वर्षान्तमा योजनालाई रकम बाँडफाँड गरी  स्थानीयतहको कार्य क्षेत्र भित्र पर्ने सडक, पुल पुलेसाको भौतिक निर्माणका कार्यमा खर्च गरेको नियमित देखिएन ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ५६ मध्ये ३३ पदपूर्ति भएको छ । दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति हुनुपर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालयको रु ८ लाख ३२ हजार लगती बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ९९ लाख १८ हजार, राजस्व रु.८ हजार र धरौटी रु.३ लाख ४० हजार, विविध ५० हजार समेत रु.४ करोड ३ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन** : वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित महिला तथा बालवालिकाका संविधान प्रदत्त हक अधिकारको रक्षाका लागि आवश्यक नीति तर्जुमा गर्ने गरी सामाजिक जागरणका कार्यक्रम स्वीकृत गरेकोमा नीतिहरु तर्जुमा भएको देखिएन । लिङ्ग पहिचान गरी भ्रुर्णमै छोरीको हत्या गर्ने, महिला हिसा, दहेज प्रथा, बालिका विवाह, बोक्सी प्रथा, सामाजिक विभेद जस्ता अपराध रोक्न कडा कानुन तर्जुमा गर्ने, अपाङ्गता भएका व्याक्तिका लागि सहयोगी सामग्री उपलब्ध गराउने कार्यक्रमसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयमा आउन सकेको देखिएन ।

२. **बजेट कार्यान्वयन** : बजेट वक्तव्यमा बेटी पढाउ, बेटी बचाउ अभियानअन्तर्गत समाजमा छोरीलाई पढाउने प्रेरणा दिई छोरा छोरीबीचको सामाजिक विभेद अन्त्य गर्ने कार्यक्रमहरु प्राथमिकता साथ कार्यान्वयन गर्ने उल्लेख भएकोमा सामाजिक बिभेद अन्त्य गर्ने कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन । मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **अनुदान रकम** – सरकारी तथा गैर सरकारी संस्थाहरुलाई दिइने अनुदानसम्बन्धी निर्देशिका,२०७५ मा अनुदान मन्त्रालयले तय गर्ने व्यवस्था छ । मन्त्रालयले यस्तो अनुदान सरकारी तथा सामुदायिक संस्थाहरुको हकमा प्रदेशस्थित सम्बन्धित स्थानीय तहमार्फत उपलब्ध गराउने उल्लेख छ । यस्तो अनुदान सम्झौतामा उल्लेख भएको रकमको बराबरी २ किस्तामा उपलब्ध गराइने, दोस्रो किस्ता पहिलो किस्ताको उपलब्धिको आधारमा उपलब्ध गराउने र अनुदान रकम खर्च नभएको अवस्थामा सम्बन्धित मन्त्रालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले स्वीकृत गरेका २० संस्थाहरुलाई रु ७७ लाख सशर्त अनुदानको रकम उपभोक्ता समितिको खातामा पठाएको छ । मन्त्रालयसंगको सम्झौतामा प्राप्त अनुदानको हिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्ने अनुदान प्राप्त गर्ने संस्थाले भौतिक प्रतिवेदन र प्राविधिक प्रतिवेदन चौमासिक सकिएको ७ दिनभित्र मन्त्रालयमा पठाउनु पर्ने, लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने, अनुदान रकम खर्च नभएको अनुदान रकम मन्त्रालयमा फिर्ता गर्नुपर्नेमा संझौताको पालना गरेको देखिएन ।

४. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.५५ लाख ६३ हजारको सोझै खरिद गरेको छ । खरिद प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

५. **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण** - आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गत सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा

आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

७. **शिशुस्याहार तथा बालवालिका विकास अनुदान –** मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रमअनुसार शिशु स्याहार तथा बालवालिकाका लागि सिकाइ कार्यक्रम सञ्चालन गर्न गैर सरकारी संस्थासँग २०७५।३।१३ प्रस्ताव आव्हान गरेकोले आर्थिक वर्षको अन्तमा बजेट फ्रिज नगराउने उद्देश्यले प्रस्ताव माग गरेको देखिन्छ । ५वर्ष मुनीका बालवालिहरुको शारीरिक, मानसिक, सामाजिकलगायतका पक्षहरुको विकासमा अभिभावकको भूमिकाबारे जानकारी गराउनुपर्ने, बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता आत्मसात गराउनेलगायतका प्रस्तावहरुलाई छनोट गर्नुपर्ने शर्तहरु तोकिएकोमा उल्लेखित शर्तबेगर २०७५।३।२७ को निर्णयबाट ५ वटा सस्थाको प्रस्ताव छनोट गरी रु ५० लाख अनुदान दिएकोमा शिशुस्याहार तथा बालवालिका विकास कार्यक्रम सञ्चालन गरेको देखिएन ।

८. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा मन्त्रालयको स्वीकृत दरबन्दी ६८ मध्ये ३५ पदपूर्ति भएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूति हुनु पर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको रु १ करोड ३३ लाख लगती बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३८ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.२१ लाख २४ हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

२. **मुद्दा दायर -** मुख्य न्यायधिबक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५।६।२५ मा प्रमाणिकरण भई लागू भएको छ । नेपालको संविधानको धारा १६०(१) अनुसार प्रदेश न २ मा प्रदेश प्रमुखबाट मुख्यन्यायधिवक्ताको नियुक्ति भएकोमा चालु आर्थिक वर्षमा मुख्य न्यायधिवक्ताको तर्फबाट कुनै पनि मुद्धा दायार नभएको र महान्याधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा कुनै लिखित जवाफ पेश गर्नुपर्ने अवस्था रहेको देखिएन ।

३. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । यस कार्यालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, कार्यालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, कार्यालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण कार्यालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालयको लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

## परिच्छेद –४

# प्रतिवेदन कार्यान्वयनको स्थिति :

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था अनुसार निम्नानुसार बेरुजूको कारबाहीको विवरण प्राप्त भएको छ ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन दिएको मिति | प्रतिक्रिया प्राप्त | फछ्र्यौट | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| २. | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/११/११ | २०७५/१२/१७ | ० | २०७५/१२/१२ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| ८. | सामाजिक विकास मन्त्रालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |
| ९. | मुख्य न्यायाधिवक्ता कार्यालय | २०७५/११/११ | ० | ० | २०७५/१२/१२ |

# परिच्छेद –५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालु खर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिर्दै आयोजना सञ्चालन गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नु पर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नु पर्दछ । स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यालाई मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्ने कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नु पर्दछ ।

९. **सभा,सम्मेलन,समारोह खर्च व्यवस्थापन** : सार्वजनिक निकायले सभा सम्मेलन जस्ता आकस्मिक खरिद कार्यका लागि कार्यविधि स्वीकृत गरी मितव्ययी एवं प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ ।

१०. **प्रदेश प्रहरी, प्रशासन र शान्ति सुरक्षा सम्बन्धी कानुन -** प्रत्येक संघीय इकाई अर्थात् प्रदेशमा प्रदेश सरकारले आवश्यकतानुसार प्रदेश प्रहरी, प्रशासन एवं प्रदेशको अमनचयन तथा शान्ति सुरक्षाको लागि संगठनात्मक व्यवस्था गर्न सक्ने व्यवस्था बमोजिम प्रदेश प्रहरी ऐन, २०७५ प्रदेश संसदबाट पास भएको छ । प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नु पर्दछ ।

११. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

अनुसूची – १

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

### (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय/ निकाय/कार्यालयको नाम | कायांलय संख्या | बेरुजू भएका कार्यालय संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | १०० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | १२९१३० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | २ | सैद्धान्तिक |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | १ | २०५९५ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | १ | ६५२ |
| ६. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | ८३२ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | १३३०० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | सैद्धान्तिक |
| | **जम्मा** | **१०** | **१०** | **१६४६०९** |

अनुसूची – २

# लेखापरीक्षण रकम

(रु. हजारमा)

| क. सं | मन्त्रालय/निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १. | प्रदेश सभा सचिवालय | १ | १२६७९० | १ | १२६७९० | १ | २ | १ | २ | १ | २२४ | १ | २२४ | ० | ० | ० | ० | १२७०१६ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | २३०३७३ | १ | २३०३७३ | १ | ३१ | १ | ३१ | १ | ४९६ | १ | ४९६ | १ | ४८६५० | १ | ४८६५० | २७९५५० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | २३४८३ | २ | २३४८३ | १ | ११ | १ | ११ | १ | ३२७ | १ | ३२७ | ० | ० | ० | ० | २३८२१ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | ३७६१४ | १ | ३७६१४ | १ | ७ | १ | ७ | १ | १८० | १ | १८० | ० | ० | ० | ० | ३७८०१ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | २६४०२ | १ | २६४०२ | १ | ८ | १ | ८ | १ | १८४ | १ | १८४ | ० | ० | ० | ० | २६५९४ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | ३३७५९ | १ | ३३७५९ | ० | ० | ० | ० | १ | ८५ | १ | ८५ | ० | ० | ० | ० | ३३८४४ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १२०६५८ | १ | १२०६५८ | १ | १४७ | १ | १४७ | १ | ८२३ | १ | ८२३ | ० | ० | ० | ० | १२१६२८ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | ३९९१८ | १ | ३९९१८ | १ | ८ | १ | ८ | १ | ३४० | १ | ३४० | १ | ५० | १ | ५० | ४०३१६ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ३८२५ | १ | ३८२५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३८२५ |
| | **जम्मा** | **१०** | **६४२८२२** | **१०** | **६४२८२२** | **७** | **२१४** | **७** | **२१४** | **८** | **२६५९** | **८** | **२६५९** | **२** | **४८७००** | **२** | **४८७००** | **६९४३९५** |

अनुसूची ३

# बेरुजू बर्गीकरण
# (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| सि. नं. | निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | वांकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | प्रदेश सभा सचिवालय | १५ | १ | १०० | ० | ० | ० | १५ | १ | १०० | ० | ० | ० | ० | ० | ० | १०० | ० | १०० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९ | ३ | १२९१३० | ० | ० | ० | १९ | ३ | १२९१३० | २७७ | २१८५३ | ० | ० | ० | २१८५३ | ० | १०७००० | १०७००० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९ | १ | ३० | ० | १ | ३० | १९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १५ | ३ | २०५९५ | ० | ० | ० | १५ | ३ | २०५९५ | २०२१२ | ३८३ | ० | ० | ० | ३८३ | ० | ० | ० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १७ | ४ | ६५२ | ० | ० | ० | १७ | ४ | ६५२ | ६३ | ५८९ | ० | ० | ० | ५८९ | ० | ० | ० |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १६ | ० | ० | ० | ० | ० | १६ | ० | ० | ० | ० | ० | ० | ० | ०० | ० | ० | ० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १४ | २ | ८३२ | ० | ० | ० | १४ | २ | ८३२ | २७ | ० | ८०५ | ० | ० | ८०५ | ० | ० | ० |
| ८. | सामाजिक विकास मन्त्रालय | १८ | ३ | १३३०० | ० | ० | ० | १८ | ३ | १३३०० | ० | ५००० | ८३०० | ० | ० | १३३०० | ० | ० | ० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ८ | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | **१४१** | **१७** | **१६४६३९** | **०** | **०** | **३०** | **१४१** | **१६** | **१६४६०९** | **२०५७९** | **२७८२५** | **९१०५** | **०** | **०** | **३६९३०** | **१००** | **१०७०००** | **१०७१००** |

अनुसुची - ४

# लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामवली | अवधि | | आ.व. २०७४/७५ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | प्रदेश सभा सचिवालय | सचिब श्री दीवाकर पौडेल<br>ले.अ श्री लालबाबु मिश्र | २०७४/११/१<br>२०७४/११/१५ | २०७५/३/३२<br>२०७५/३/३२ | १०० | ०.०८ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | श्री हरी प्रसाद फुयाल<br>ले.अ श्री शिलाकान्त लाभ | २०७४/१०/१६<br>२०७४/१०/१६ | २०७५/३/३२<br>२०७५/३/३२ | १२९१३० | ४६.१९ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | श्री बिसु कुमार के.सी<br>श्री किरण रुपाखेती<br>ले.अ श्री | २०७४/१०/२८<br>२०७५/३/२<br>२०७५/१/१ | २०७५/३/१<br>२०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | श्री देबीराम भण्डारी<br>श्री जगदिश रेग्मी<br>ले.अ श्री मनोज कुमार झा | २०७५/१/१८<br>२०७५/३/२१<br>२०७४/११/४ | २०७५/३/२०<br>२०७५/३/३२<br>२०७५/३/३२ | २०५९५ | ५४.२८ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | श्री नन्दलाल राय यादव<br>ले.अ श्री जय कुमार राउत | २०७४/१०/२२<br>२०७४/१०/२२ | २०७५/३/३२<br>२०७५/३/३२ | ६५२ | २.४५ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | डा. विजयचन्द्र झा<br>डा. बंशि शर्मा<br>ले.अ श्री कृष्णदेब साह | २०७४/१०/२८<br>२०७५/३/२१<br>२०७४/१०/२८ | २०७५/३/२०<br>२०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | श्री कौशल किशोर झा<br>श्री जिवस मण्डल<br>ले.अ श्री दीनेश पंडित | २०७४/११/३<br>२०७५/३/११<br>२०७४/११/२१ | २०७५/३/१०<br>२०७५/३/३२<br>२०७५/३/३२ | ८३२ | ०.६८ |
| ८. | सामाजिक विकास मन्त्रालय | श्री किरण रुपाखेती<br>श्री दानी कान्त झा<br>ले.अ श्री निर्मला खडका | २०७४/११/२९<br>२०७५/२/२१<br>२०७४/११/२८ | २०७५/२/२०<br>२०७५/३/३२<br>२०७५/३/३२ | १३३०० | ३२.९९ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | श्री कृष्ण प्रसाद बराल<br>ले.पा श्री जगदीश साह | २०७५./२/९<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| | **जम्मा** | | | | **१६४६०९** | |

## प्रदेश लेखा नियन्त्रक कार्यालय
### जनकपुर
### आ.व. २०७४/०७५ को आय व्यय विवरण

| सि.नं. | विवरण | आम्दानी | | बाँकी | | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | खेस्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | | |
| १ | चालु खर्च | ५०५३३६९८३।०० | २६६०२६८३९।२५ | २३९३१०१४३।७५ | ०।०० | ०।०० | |
| २ | पुँजीगत खर्च | ४२५६६४२१३।०० | २५७३२३४९५।०० | १६८३४०७१८।०० | ०।०० | ०।०० | |
| | जम्मा | ९३१००११९६।०० | ५२३३५०३३४।२५ | ४०७६५०८६१।७५ | ५२२३५७९६६।२५ | ९९२३६८।०० | चेक साट्न बाकी |

| सि.नं. | विवरण | आम्दानी | | बाँकी | | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | खेस्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | | |
| १ | धरौटी खाता संघ तर्फ | ८३७२४८।०० | १२५०००।०० | ७१२२४८।०० | ७१२२४८।०० | ०।०० | |
| | धरौटी खाता प्रदेश तर्फ | १८२३७४५।०० | २३८११०।०० | १५८२६३५।०० | १६१३७४५।०० | (२८११०।०० | चेक साट्न बाकी रहेको |
| | जम्मा | २६६०९९३।०० | ३६३११०।०० | २२९७८८३।०० | २३२५९९३।०० | (२८११०।०० | |

| सि.नं. | विवरण | आम्दानी | | बाँकी | | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | खेस्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | | |
| १ | विविध खाता | ४८७०००००।०० | ५००००।०० | ४८६५००००।०० | ४८६५००००।०० | ०।०० | |
| | जम्मा | ४८७०००००।०० | ५००००।०० | ४८६५००००।०० | ४८६५००००।०० | ०।०० | |

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



*माननीय प्रदेश प्रमुख श्री रत्नेश्वर लाल कायस्थसँग भेट गर्नुहुँदै माननीय माहालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



*का माननीय मुख्यमन्त्री श्री लालबाबु राउतसँग र माननीय माहालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



माननीय माहालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र प्रदेश सभाका माननीय सभामुख श्री सरोज कुमार यादव सहितका पदाधिकारीहरु



प्रदेश नं. २ जनकपुरमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी पदाधिकारीहरु